**प्रश्न नं. ८८**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.१०६१४ देखि १०७३५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

चिबीर मगरको जाहेरीले नेपाल सरकार

बिरुद्ध

झापा जिल्ला भुटानी शरणार्थी शिविर नेपाल बेलडाँगी - १ बस्ने बीरमान लुङ्गेली (मगर)

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मति २०७५।८।५ गते बिहान अं. ७.०० बजेको समयमा खाना नबनाएको निहुँमा अभियुक्त वीरमान लुङ्गेली मगरले निजकी श्रीमती वर्ष १९ की मनमाया मगरलाई चीरपट दाउराले टाउको हिर्काई मरणासन्न पारेकोले निजलाई उपचारार्थ विभिन्न अस्पताल हुँदै भारत सिलगुढीस्थित न्यूरो अस्पतालमा पुर्याई मिति २०७५।१२।२९ गतेसम्म सोही अस्पतालको आई. सी. यू. वार्डमा राखी लाखौं रूपैयाँ खर्च गरी उपचार गर्दा समेत होस नखुली सम्बन्धित डाक्टरले फिर्ता गरेकाले बेहोस स्थितिमा नै बेलडाँगीस्थित घरमा ल्याई राखेकोमा होस नखुली सोही कुटपीटको चोटबाट थला परेकी घाइते मनमाया मगरको मिति २०७६।१।१८ गते बिहान ३.०० बजे मृत्यु भएको हुँदा घटना सम्बन्धमा तत्काल ज्यान मार्ने उद्योग मुद्दा चली कारागारमा थुनामा रहेका अभियुक्त वीरमान लुङ्गेलीलाई कर्तव्य ज्यानमा कारवाही चलाई पाऊँ भनी निज मनमाया मगरलाई उपचार गराएका कागजातसहित संलग्न राखी मृतकका बाबु चित्रवीर मगरले दिएको जाहेरी दरखास्त ।
- बेलडाँगी १ सेक्टर वि. ४ हर्ट नं. ४७६ स्थित घरभित्र उत्तर टाउको, दक्षिण गोडा भई उत्तानो अवस्थामा रहेकी वर्ष १९ की मनमाया मगरको लास रही अनुहार पूरै पहेलो भएको, दुवै आँखा बन्द, टाउकोमा पुरानो घाउचोट देखिएको भन्ने लासजाँच प्रकृति मुचुल्का ।
- मृतक मनमाया मगरको मृत्युको कारण, “due to head injury” भनी उल्लेख भएको प्राथमिक स्वास्थ्य केन्द्र मंगलबारे मोरङ्गबाट भएको शव परीक्षण प्रतिवेदन ।
- मिति २०७५।८।५ गते बिहान श्रीमती मनमाया मगरलाई खाजा बनाउन लगाउँदा ढिलो गरेको र म अत्यन्त झडङ्ग रीस उठ्ने मानसिक रोगी समेत भएको हुँदा तत्कालीन रिसको आवेशमा श्रीमतीलाई घरभित्र चुल्होमा आगो फुक्दै गरेका बखत त्यहीँ रहेको चीरपट दाउराले पछाडिबाट निजको टाउकोमा

**प्रश्न नं. ८८**

हिर्काई सोही चोटबाट बेहोस भई ढलेकीमा उपचारको क्रममा साधनसम्पन्न विभिन्न अस्पतालहरूमा लगी उपचार गराउँदा समेत होस नखुलेको, बेहोसस्थितिमा नै घरमा फर्काएर ल्याई राखेकोमा २ महिनापछि मिति २०७६।१।१८ गते बिहान मेरी श्रीमतीको मृत्यु भएको भन्ने थाहा पाएको हुँ । श्रीमतीको मृत्यु हुँदाका बखत म सोही सम्बन्धमा ज्यान मार्ने उद्योग मुद्दामा पुर्पक्षको लागि थुनामा हुँदा लास देखे हेरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी बीरमान लुङ्गेली मगरको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान ।

- अभियुक्त वीरमान लुङ्गेली मगरले मिति २०७५।५।१८ गते बिहान अं.७.०० बजेको समयमा घरभित्र चुल्होमा आगो फुक्दै गरेकी वर्ष १९ की मनमाया मगरलाई निजले भनेको समयमा खाजा नबनाएको भनी सोही स्थानमा रहेको चीरपट दाउराले पछाडिबाट टाउकोमा मच्चाएर प्रहार गरी सख्त घाइते बेहोस बनाएकोमा निज मनमाया मगरलाई तत्कालदेखि हालसम्म विभिन्न साधनसम्पन्न अस्पतालमा पुर्याई लाखौं रूपैयाँ खर्च गरी उपचार गराउँदा समेत होस नखुली उपचार हुन नसक्ने भनेकाले निजलाई बेलडाँगी-१ स्थित घरमा ल्याई राखेकोमा होस नखुली नै मिति २०७६।१।१८ गते बिहान अं. ३.०० बजे मृत्यु भएकाले अभियुक्त वीरमान लुङ्गेलीले कुटपीट गरेको चोटको कारणबाट निज मनमाया मगरको मृत्यु भएको हुँदा त्यसरी कर्तव्य गरी ज्यान मारेकोमा वीरमान लुङ्गेली मगरलाई कानूनबमोजिम आवश्यक कारवाही होस् भन्ने समेत व्यहोराको स्थानीय हर्कमान मगर, उदय वगाले, हिमा सुवेदी, पञ्चनाराण समेतका मानिसहरूले लेखाइदिएको एकै मिलानको वस्तुस्थिति मुचुल्का ।

- संकलित कागज प्रमाणको आधारमा प्रतिवादी बीरमान लुङ्गेली मगरले मृतकलाई चीरपट दाउराले टाउको जस्तो संवेदनशील अङ्गमा मार्ने नियतले प्रहार गरी उपचार हुँदाहुँदै मुलुकी फौजदारी अपराध सहिताको मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँभन्ने अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- झापा जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत झापा प्रस्तुत गरेको पुनरावेदनपत्र